# घरपझोङ गाउँपालिका, मुस्ताङ

# नीति तथा कार्यक्रम आ.ब. २०८१।८२

सभाका सदस्यज्यूहरु,

नेपालको संविधानमा निर्दिष्ट भए बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संघ, प्रदेश तथा स्थानीय तह गरी ३ तहको सरकार मध्ये हाम्रो यस घरपझोङ गाउँपालिकाले संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ द्वारा निर्देशित समयावधि भित्रनै बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छ । हाम्रो गाउँपालिकाको चौधौं अधिवेशनको यो ऐतिहासिक र महत्वपूर्ण अवसरमा विकास र समृद्धिको सपना बोकेर जनताप्रति समर्पित भई सहभागी हुनुहुने प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, सभाका सम्पूर्ण सदस्यज्यूहरु, पत्रकार, कर्मचारी, आमा बुबा, दिदि बहिनी तथा दाजुभाईहरुलाई यस गरिमामय सभामा हार्दिक स्वागत गर्न चाहन्छु ।

आज देश संघियताको कार्यान्वयनमा रहँदा तिन तहका सरकारहरुमध्ये दिनानुदिन जनताको घर दैलोमा हाजिर हुने सरकारको रुपमा स्थानीय सरकार हो भन्ने प्रमाणित भइसकेको छ । जनताको प्रत्यक्ष निगरानी र नियन्त्रण रहनेगरी स्थानीय सरकारको काम कारवाही अगाडी बढीरहेको छ । आजको यस परिवर्तनको मुख्य श्रेय विभिन्न कालखण्डमा भएका जन आन्दोलन तथा राष्ट्रको लागि जीवन उत्सर्ग गर्ने शहिदहरु प्रति अर्पण गर्न चाहन्छु । यस परिप्रेक्ष्यमा देश संघीयता, धर्म निरपेक्षता, समावेशी समानुपातिक प्रणाली सहित सबै प्रकारका उत्पीडनको अन्त्य र सामाजिक न्याय सहित नागरिकको सार्वभौम अधिकारको निम्ति विभिन्न संघर्षमा जीवन उत्सर्ग गर्ने शहिदहरुलाई जतिसुकै सम्झना गरे पनि कम हुन्छ । मुलुकको आमूल परिवर्तनको नेतृत्व गर्नुहुने राजनीतिक नेतृत्व एवं आम जनसमुदायप्रति गाउँसभा मार्फत हार्दिक आभार सहित सम्मान व्यक्त गर्न चाहन्छु ।स्थानीय सरकार सञ्चालनको दोश्रो कार्यकाल एवं सातौं बर्ष पूरा भई आठौं बर्षमा प्रवेश गरेको यस महत्वपूर्ण घडीमा हामीले बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु संघीयताको भावना र मर्मलाई आत्मसात गर्नु नै हो । नेपालको संघीयता सहकारितामूलक भएकोले तीन तहका सरकारहरुबीच सहअस्तित्व, सहकार्य तथा समन्वयलाई जोड दिंदै राष्ट्रिय तथा प्रादेशिक सोच, लक्ष्य र मापदण्ड बमोजिम नीति तर्जुमा गरी तालमेलका साथ अगाडी बढ्ने प्रतिवद्धता यस सम्मानित सभा मार्फत व्यक्त गर्न चाहन्छु । स्थानीय सरकारले गर्ने शासन

अन्तर्गत सुशासन, गुणस्तरीय आधारभूत सेवा प्रवाहमा सबैको पहुँच, पूर्वाधार निर्माण, समावेशीकरण, लक्षित वर्ग र क्षेत्रको आर्थिक, सामाजिक समावेशीकरण, सामाजिक परिचालन, सहभागितामूलक योजना तथा विकास, जीविकोपार्जन एवं रोजगारी, सामाजिक सुरक्षा, सूचना प्रविधिमा सहज पहुँच लगायतका विषय भएकोले यसमा नै केन्द्रित हुनेगरी हाम्रो श्रोत तथा साधनले भ्याएसम्म नीति तथा कार्यक्रममा समेट्ने प्रयास गरिएको छ ।

हाम्रो गाउँपालिकाको सर्वाङ्गीण विकासको लागि हामी जनप्रतिनिधी एवं सम्पूर्ण कर्मचारीहरु सक्रिय र सहृदय पूर्वक एकताबद्ध भएर लागि परिरहेका छौं । यद्यपी नतिजाले छलाङ मार्न नसकेको वास्तविकता हामी माझ नै छ । भौगोलिक हिसावले दुर्गम हिमालपारीको जिल्लाको सदरमुकाममा अवस्थित यस घरपझोङ गाउँपालिकामा रहेको कृषि र पर्यटनको संभाव्यतालाई थप उजागर गरी यहाँका नागरिकको जीवनस्तर थप मजबुत बनाउन अझै धेरै गर्न बाँकि नै छ ।

हामीले विशेषगरी कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासको लागि ५ वटै वडाहरुको गहिरो अध्ययन गरी दीर्घकालिन सोच सहितको योजना निर्माण गरी बढ्ने प्रयत्नमा छौं । हामी संग रहेका सम्भावना तथा अवसरहरुको सदुपयोग गर्दै दीर्घकालिन नीति तर्जुमा मार्फत लक्ष्य विहिन गन्तव्यको अन्त गरी निश्चित मार्गदर्शन तय गरी सोही बमोजिम अगाडी बढ्न पाइला अगाडी बढाइसकेका छौं । आवधिक योजना निर्माण, सडक गुरुयोजना निर्माण, भूमी वर्गीकरण, गाउँपालिकाको डिजिटल भिलेज प्रोफाइलको निर्माण जस्ता कार्यहरु चालु आर्थिक बर्षमा नै पुरा हुनेछन् ।

यी सम्पूर्ण परिप्रेक्ष्यमा आधारित रही अब म आगामी आर्थिक वर्ष २०८१।८२ का लागि बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारका बारेमा संक्षिप्त व्यहोरा प्रस्तुत गर्न चाहन्छु ।

चालु आ.ब. को हालसम्मका उपलब्धिहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गर्न कर्मचारी मित्रहरुलाई अनुमति दिन्छु ।

**सभाका सदस्यज्यूहरु,**

अब म आगामी आ.ब. २०८१।८२ का लागि प्रस्तावित क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**<u>आर्थिक विकास</u>**

१. गाउँपालिकाको आर्थिक उपार्जनको मुख्य श्रोतको रुपमा रहेका स्याउ, आलु, उवा, गाँजर, रायो लगायतका अन्य तरकारीहरु स्वदेश तथा विदेशमा समेत प्रख्यात छन्। कृषि क्षेत्रको आधुनिकीकरण गर्दै आगामी वर्ष कृषि क्षेत्रको व्यवसायीकरण, खेतीयोग्य जमिनमा तारबार लगायत पशुपालन व्यवसायको प्रबर्द्धनका लागि कार्यक्रमहरु ल्याइनेछ।

२. गाउँपालिका क्षेत्रमा उत्पादन हुने फलफूल तथा कृषि उपजहरुको सहज भण्डारण गरी तुलनात्मक रुपमा बजार मूल्य बढी हुने समयमा बिक्री वितरण गर्नको लागि आगामी आ.व.मा संघीय सरकारको सहयोगमा निर्माण गरिएको ग्रेडिङ मेसिन सहितको कोल्ड स्टोर भवन सञ्चालनमा ल्याईनेछ।

३. हाम्रो पहिचानको रुपमा रहेका जौ, ऊवा, फापर तथा तिते फापरजस्ता रैथाने बालीहरुको प्रवद्धन तथा उत्पादनमा बृद्धि गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु अघि बढाइनेछ ।

४. रैथाने बाली संरक्षणको लागि बाली बैंक, बिउ बैंकको व्यवस्थापनका लागि पहल गरिनेछ।

५. कृषि उत्पादनको आधारमा एक वडा एक कृषि उपजको हव (ब्रान्ड) वनाउन आवश्यक पहल गरिनेछ।साथै स्थानीय कृषि उत्पादन, उवावाट उत्पादित स्थानीय रक्सीलाई व्रान्डिङ गर्न पहल गरिनेछ।

६. गाउँपालिकामा ओखर खेतीको सम्भावना रहेका क्षेत्रहरु पहिचान गरी कृषकहरुलाई ओखर खेतीमा प्रोत्साहित गरिनेछ ।

७. गाउँपालिका भित्र बालीनालीमा विषादी र रासायनिक मलको प्रयोगलाई क्रमशः न्यूनीकरण गर्दै लगिनेछ। प्राङ्गारिक मल तथा परम्परागत घरायसी किटनाशक औषधीको प्रयोग गरी अन्नवालीहरुको उत्पादन वृद्धिमा जोड दिइनेछ।

८. परम्परागत कृषि प्रणालीलाई व्यावसायिक बनाउँदै उत्पादकत्व अभिवृद्धि गरी कृषकहरुको जीवनस्तर सुधार्नका लागि विभिन्न कार्यक्रमहरु लागू गरिनेछ। खनिज तेल तथा स्याउ कार्टुनमा दिइँदै आएको साझेदारीमा आधारित अनुदानलाई निरन्तरता दिइनेछ।

९. नेपाल सरकारको एक स्थानीय तह एक उद्योग ग्राम कार्यक्रम अन्तर्गत उद्योग ग्राम स्थापना गर्नका लागि उपयुक्त स्थानको पहिचान गरी सो कार्य अगाडी बढाईनेछ।

१०. गाउँपालिका क्षेत्रभित्र लघु उद्यम विकास कार्यक्रम मार्फत लक्षित वर्गलाई आयआर्जन र रोजगारी सिर्जना हुने कार्यक्रम सञ्चालन गरी थप प्रभावकारी बनाईनेछ।

११. गाउँपालिका क्षेत्रभित्र रहेका सबैखाले व्यवसायीहरुलाई प्रोत्साहन गर्ने तथा सामानहरुको वैज्ञानिक मूल्य प्रणाली कायम गर्न लगाई सबै पसलहरुमा मुल्यसूची राख्ने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ ।

१२. ४ नं. वडा स्थित मातृचक्र क्षेत्रमा बनस्पति उद्यान निर्माण गरी कृषि पर्यापर्यटन प्रवर्द्धनमा पूर्वाधार तयार गरिनेछ ।

१३. किसान सूचीकरण कार्यलाई प्रभावकारी बनाउदै किसान वर्गीकरण र परिचयपत्र वितरण कार्यक्रम सञ्चचालनमा ल्याइनेछ ।

१४. गाउँपालिकामा आर्थिक आय आर्जनको महत्वपूर्ण श्रोतको रुपमा रहेको च्याङग्रा पालन तथा याक चौरी पालनलाई प्रोत्साहन गरिनेछ।

१५. घरपझोङ गाउँपालिकाको विकासको मूख्य आधार मध्येको एक पूर्वाधार पर्यटन व्यवसाय नै हो। पर्यटन क्षेत्रको विकास, विस्तार, प्रवर्द्धन, नियमन र व्यवस्थापनका लागि पर्यटकहरुलाई पर्यटकीय गन्तव्य स्थल तथा उपलब्ध होटल व्यवसायहरुको बारेमा जानकारी दिने उद्देश्यका साथ आगामी आ.व.मा पर्यटन सूचना केन्द्र स्थापना गरी प्रयोगमा ल्याईनेछ।

१६. थकाली सँस्कृति र परम्पराको संरक्षण र सम्बर्द्धन गर्नका लागि संघीय सरकार र गाउँपालिकाको संयुक्त लगानीमा निर्मित थकाली सङ्ग्रहालयलाई व्यवस्थित गरी पूर्ण रुपमा सञ्चालनमा ल्याइनेछ।

१७. गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा ल्याइएको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण कडीको रुपमा रहेको मुस्ताङ इको म्युजियमलाई अझ व्यवस्थित गरी पर्यटकहरुको आकर्षण क्षेत्रको रुपमा विकास गरिनेछ।

१८. होमस्टेका माध्यमबाट स्थानीय परिकार तथा रहनसहन र संस्कृतिको संरक्षण एवम् सम्बर्द्धन गर्न व्यवसायीहरुलाई प्रोत्साहित गर्ने नीति लिइनेछ। स्थानीय थकाली परिकारहरुको प्रचार प्रसार गरिनेछ। होमस्टे तथा होटल व्यवसायलाई सक्षम र प्रभावकारी बनाउन आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. ढुम्बा ताल, क्षमा ताल, मार्फा गाउँ, याकखर्क, छैरो गाउँ, चिमाङ गाउँ, ठिनी गाउँ तथा स्याङ गाउँहरुको प्राकृतिक सौन्दर्यताको प्रचार प्रसार गर्ने कार्यलाई जोड दिइनेछ। गाउँपालिकाको गौरवको रुपमा रहेको घरपझोङ किल्लालाई महत्वपूर्ण पर्यटकीय स्थलका रुपमा विकास गर्न गुरुयोजना निर्माण गरिनेछ ।

२०. गाउँपालिका क्षेत्रमा रहेका सहकारीहरुको दर्ता तथा नवीकरणका कार्यहरु व्यवस्थित गरिनेछ। सबै सहकारी संस्थाहरुको विवरणलाई अनलाईन प्रविधिमा आधारित बनाउन क्षमता विकास गरी COPOMIS लाई अनिवार्य गराइनेछ ।साथै अनुगमन कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

२१. योजनावद्ध विकास प्रयासले मात्र लक्षित उद्देश्यहरु हासिल गर्न सकिने हुनाले उपलब्ध श्रोत साधनको अधिकतम् उपयोग गर्ने नीति लिइनेछ। गाउँपालिकाको समग्र विकासलाई प्रभावकारी बनाउनका लागि गाउँपालिकाको पञ्चबर्षिय आवधिक योजना तयार गरी सोही योजना बमोजिम कार्यक्रम अघी बढाइनेछ ।

२२. राष्ट्रिय योजना आयोगद्वारा सञ्चालित स्थानीय **"योजना बैंक"** **(LPBMIS)** प्रणालीको प्रयोग गरी साना देखि ठूला योजनाहरुको पहिचान, मूल्यांकन, छनौट तथा प्राथमिकीकरण गरिनेछ।

**सभाका सदस्यज्यूहरु**

अब म आगामी आर्थिक वर्षका लागि **सामाजिक विकास तर्फका** नीति तथा कार्यक्रमहरुलाई यस गरिमामय गाउँ सभाको बैठकमा प्रस्ताव गर्न चाहन्छु ।

**<u>सामाजिक विकास</u>**

२३. स्वास्थ्य नै जीवन हो भन्ने अवधारणालाई आत्मसात गर्दै नागरिकको स्वास्थ्य सुदृढ बनाउने कार्यक्रमहरुलाई केन्द्रित गरिनेछ ।आगामी आर्थिक वर्षमा पनि विगत वर्षहरुमा जस्तै नागरिकहरुलाई शारीरिक, मानसिक तथा सामाजिक रुपमा स्वस्थ रहन सहयोग पुग्ने कार्यक्रमहरुको कार्यान्वयन गरिनेछ। यसका लागि प्रदेश तथा संघीय सरकारबाट घोषित कार्यक्रमहरु समेत समावेश हुनेछन्।

२४. प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था सञ्चालनमा आई सकेको छ। मार्फा स्वास्थ्य चौकीमा स्थापना भएको प्रयोगशाला (ल्याव)लाई थप व्यवस्थित गरी स्वास्थ्य सेवालाई प्रभावकारी बनाईनेछ।

२५. स्वास्थ्य संस्थाहरुमा औषधीको उपलब्धता सुनिश्चित गरिनेछ। स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिहरुलाई आवश्यकता बमोजिमका तालिम कार्यक्रमहरुको व्यवस्था गरिनेछ। घरपझोङवासी जनताहरुको लागि जनस्वास्थ्य क्षेत्रमा कुनैपनि रिक्तताको महशुस नहुनेगरी कार्यक्रमहरु एकीकृत रुपमा लागू गरिनेछ ।

२६. दिगो विकास लक्ष्य अनुरुप सबै उमेर समुहका नागरिकहरुको स्वास्थ्यप्रति संवेदनशील हुँदै समयमै रोग पहिचान गरी व्यवस्थापनमा सहयोग गर्न **"उपाध्यक्षसँग वृहत स्वास्थ्य शिविर"** कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२७. सुत्केरी महिलाहरुलाई संघीय सरकारबाट प्रदान गरिदै आएको यातायात खर्चमा गाउँपालिकाले थप पौष्टिक आहार खर्च प्रदान गर्दै आएकोमा सो कार्यक्रमलाई आगामी वर्षमा पनि निरन्तरता दिइनेछ। गर्भवती महिलाहरुको नियमित स्वास्थ्य परीक्षण गराउने तथा शून्य होम डेलिभरीको अवधारणा अनुरुप स्वास्थ्य संस्थामा नै प्रसूति गराउन थप पहल गरिनेछ ।

२८. सुनौलो हजार दिन कार्यक्रम, पूर्ण खोप दिगोपन सुनिश्चितता तथा गाउँघर क्लिनिक कार्यक्रमलाई थप प्रभावकारिता सहित निरन्तरता दिइनेछ ।

२९. मार्फा स्वास्थ्य चौकीबाट २४ घण्टे सेवा प्रवाहको लागि स्वास्थ्यकर्मी प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३०. महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई सूचना प्रवाहमा सहजता प्रदान गर्न सूचना प्रविधि सँग आवद्ध गरिनेछ ।

३१. नागरिकहरुको स्वास्थ्यलाई मजबुत बनाउन जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मुस्ताङ र आरोग्य केन्द्र स्याङमा औषधि व्यवस्थापनको लागि सहयोग प्रदान गरिनेछ ।

३२. गाउँ कार्यपालिकाको कार्यालयमा पोषण कर्नर तथा स्तनपान कक्षको व्यवस्था गरिनेछ ।

३३. गाउँपालिकाको मातहतमा रहेको एम्बुलेन्सलाई चुस्त दुरुस्त रुपमा राखी सेवा प्रदान गरिनेछ ।

३४. ऐतिहासिक लोक संस्कृतिको प्रतिरुप स्थानीय भाषा, लोक बाजा, लोक भाका तथा नृत्यहरु, खिला, फाला, त्युङ्ला, तेर्मी, बुद्ध जयन्ती, धैक्याप (देव नाच) तथा तोरन्ल्ह लगायतका स्थानीय पर्व र धर्मको संरक्षण गर्ने कार्यलाई अगाडि बढाइनेछ।

३५. गाउँपालिकामा रहेका सबै किसिमका विद्यालयहरुको प्रभावकारी व्यवस्थापनमा गाउँपालिकाले सहयोग गर्ने नीति लिनेछ। माध्यमिक तहसम्मका विद्यालयहरुको

प्रभावकारी व्यवस्थापनका लागि संघीय शिक्षा ऐन अनुरुप स्थानीय शिक्षा ऐन परिमार्जन तथा स्थानीय शिक्षा नियमावली तयार गरी लागू गरिनेछ।

३६. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ। संस्थागत विद्यालय तथा सामुदायिक विद्यालयहरुलाई समन्वयात्मक रुपमा अगाडि बढाउन असल अभ्यासहरुको आदान प्रदान गर्ने नीति तथा कार्यक्रमहरु लागू गरिनेछ। प्रत्येक सामुदायिक विद्यालयहरुमा प्रविधि मैत्री शिक्षा तथा बालमैत्री शिक्षामा जोड दिइनेछ ।

३७. गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत गरिव, दलित, जेहेन्दार विद्यार्थी तथा धौलागिरी प्राविधिक शिक्षालयमा अध्ययनरत विधार्थीहरुलाई दिईदैं आएको स्थानीय छात्रवृति कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३८. गाउँपालिका भित्रका गरिब, दलित तथा पिछडिएका बर्गहरुका लागि प्राविधिक तथा ब्यावसायिक शिक्षाको ब्यवस्था गरिने छ । यसका लागि जनहित माध्यमिक विद्यालयको प्राविधिक धारको शिक्षालाई थप ब्यवस्थित बनाउदै लगिने छ।

३९. शिक्षाको गुणस्तर अभिबृद्धि गर्न सबै विद्यालयहरुको शैक्षिक तथा भौतिक पूर्बाधारमा गुणात्मक रुपमा सुधार गर्दै लगिने छ।

४०. विद्यार्थीहरुमा पर्यटन सम्बन्धमा जानकारी गराई भविश्यमा आत्मनिर्भर हुने बनाउन विद्यालय पर्यटन क्लब कार्यक्रम सञ्चालन गरिनेछ।

४१. संघीय सरकारबाट सञ्चालित विद्यालयमा दिवा खाजा कार्यक्रमलाई थप ब्यवस्थित र प्रभावकारी बनाउन उक्त कार्यक्रममा गाउँपालिकाको तर्फबाट थप बजेटको व्यवस्था गरिनेछ ।

४२. विद्यालयहरुलाई स्थानीय भाषा, संस्कृति लगायत गाउँपालिकाको क्षेत्रमा विविध विषयहरुमा परिचित गराउन आगामी बर्षमा कक्षा ५ सम्म स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

४३. हरेक विद्यालयहरुले शैक्षिक वर्षको अन्तिममा “आन्तरिक मूल्यांकन प्रतिवेदन” निर्माण गरि सार्वजनिक गर्ने व्यवस्था गरिने छ ।

४४. **"एक विद्यालय एक विशेष सक्षमता"** कार्यक्रमको कार्यविधि निर्माण गरि लागू गरिने छ ।

४५. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न शिक्षकहरुलाई थप उत्प्रेरणा प्रदान गर्न उत्कृष्ट शिक्षक पुरस्कारको व्यवस्था गरिनेछ ।

४६. यूवाहरुलाई विदेश पलायन रोक्न र राष्ट्रसेवामा लाग्न उत्प्रेरित गर्ने उद्देश्य अनुरुप लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग कक्षा सञ्चालनको लागि प्रोत्साहन गरिनेछ ।

४७. बालमैत्री स्थानीय शासनको लक्ष्य हासिल गर्न विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री फर्निचर, खेलमैदान तथा खानेपानी धारा व्यवस्थापनमा आवश्यक पहल गरिनेछ ।

४८. आधारभुत शिक्षा पश्चात विद्यालय शिक्षाबाट वञ्चित भएका बालबालिकाहरुको लागि व्यवसायिक तथा सिपमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

४९. छैरो आधारभुत विद्यालय घरपझोङ-१ मा विद्यार्थी संख्याको अनुपातमा शिक्षक संख्या अति न्यून भएकोले तत्कालिक समस्या समाधान गर्न शिक्षक व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ ।

५०. यूवाहरुलाई स्वास्थ्य र तन्दुरुस्त बनाउन तथा खेलकुद प्रति अभिरुची बढाउन **"अध्यक्ष कप खेलकुद कार्यक्रम"** सञ्चालन गरिनेछ ।

५१. गाउँपालिकालाई २०८३ आषाढ मसान्त सम्म बालमैत्री स्थानीय शासनयूक्त गाउँपालिका घोषणा गर्ने प्रतिबद्धता अनुरुप बालक्लब, गाउँपालिका स्तरीय बालसञ्जाल पुर्नगठन तथा बालबालिकाहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरुलाई थप प्रभावकारी बनाइनेछ ।

५२. चालु आ.व. जस्तै आगामी आ.व.मा पनि यस गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुवाट २०८० को SEE मा साधारण र प्राविधिक धार तर्फका उत्कृष्ट छात्र, छात्रा १/१ जना गरि जम्मा ४ जनालाई पुरस्कृत गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५३. गाउँपालिका क्षेत्रभित्रका दलित, अपाङ्गता भएका व्यक्ति र विपन्न नागरिकको लागि निशुल्क स्वास्थ्य विमाको व्यवस्थालाई निरन्तरता दिइनेछ। साथै बीमा कार्यक्रमको दायरा थप विस्तारको लागि आवश्यक पहल गरिनेछ ।

५४. गाउँपालिकाको लैङ्गिक उत्तरदायी बजेट (GRB) परीक्षण तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI Audit) गरिनेछ।

५५. स्थानीय विकास निर्माणका कार्यक्रमहरुमा महिलाहरुको मात्र सहभागिता भएका केही उपभोक्ता समिति गठन गरी नमूनाका रुपमा आयोजना कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता प्रदान गरिनेछ। यस्ता कार्यहरुले महिलालाई थप प्रोत्साहित गर्नेछ र आगामी दिनहरुमा थप महिलामैत्री कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ ।प्रत्येक वडा

समितिबाट महिलाहरुको नेतृत्वमा योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

५६. स्थानीय सामाजिक सुरक्षा कोषबाट विपन्न विरामीहरुको लागि उपचार खर्च वापत आर्थिक सहयोग उपलब्ध गराउने कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

५७. गाँउपालिका अन्तर्गत रहेको न्यूनतम रोजगारीको अवसर प्रदान गर्ने नीति आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ ।यस्ता कार्यक्रमहरु प्रभावकारी र उद्देश्यपरक रुपमा सञ्चालन गर्न वडा समिति तथा स्थानीय नागिरकहरुलाई प्रोत्साहन गरिनेछ ।

५८. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, अन्तराष्ट्रिय महिला दिवस, बाल दिवस जस्ता महत्वपूर्ण दिवसहरुलाई प्रभावकारी रुपमा मनाइनेछ।यसबाट महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई थप शसक्तिकरण गर्न टेवा पुग्नेछ ।

५९. लक्षित महिलाहरुको आर्थिक अवस्था, स्वास्थ्य तथा वातावरण संरक्षणलाई मध्यनजर गरी वातावरण मैत्री स्यानीटरी प्याड वितरणको कार्यक्रम ल्याइनेछ ।

६०. बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका निर्माणको लक्ष्य हासिल गर्न बालबालिका सम्बन्धी स्थितिपत्र तयारी र प्रकाशन गर्ने, बाल श्रमिकहरुको तथ्याङ्क संकलन तथा अनुगमन र बालश्रम मुक्त स्टिकर टाँस गर्ने, स्थानीय बाल कोषमा रकम बृद्धि गर्ने जस्ता कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

**सभाका सदस्यज्यूहरु**

अव म आगामी आर्थिक वर्ष यस गाँउपालिकाले **पूर्वाधार विकास तर्फ** अंगीकार गर्ने नीति तथा कार्यक्रमहरुलाई प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**पूर्वाधार विकास**

६१. रु ५ लाख सम्मका आयोजनाहरुलाई मंसिर मसान्तभित्र र ५ लाख भन्दा माथिका आयोजनाहरुलाई आर्थिक बर्षको जेष्ठ मसान्तभित्र सम्पन्न गरिसक्ने नीतिलाई आगामी बर्षमा पनि निरन्तरता दिइनेछ ।

६२. उपभोक्ता समिति मार्फत सञ्चालन हुने विकास आयोजनामा उपभोक्ताहरुलाई सहजीकरण गर्ने उद्देश्यले जनश्रमदानको हिस्सालाई १५% बाट घटाई १०% कायम गरिनेछ ।

६३. साना-साना टुक्रे विकास आयोजनाहरुलाई निरुत्साहित गर्दै दीर्घकालिन र रणनीतिक महत्वका आयोजनाहरुलाई प्राथमिकता दिइनेछ । गाउँपालिकाको गौरवको

आयोजनाहरु तय गरी उक्त आयोजनाहरु सम्पन्न गर्न बजेट व्यवस्थापन तर्फ विशेष ध्यान दिइनेछ ।

६४. नयाँ ट्र्याक खोल्ने योजनालाई भन्दा ट्र्याक खोलीसकेका सडकहरुको स्तरोन्नतिमा विशेष पहल गरिनेछ ।

६५. गाउँपालिका भित्र अत्यावश्यक सामुदायिक भवनहरु निर्माण सम्पन्न भइसकेको निष्कर्ष सहित नयाँ भवनहरु निर्माणको कार्यलाई न्यून प्राथमिकतामा राखिनेछ ।

६६. निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभारमा आवश्यक पहल गरिनेछ ।

६७. सडकको गुरुयोजना तथा आवश्यकता अनुसार पूर्वाधारको डि.पि.आर.(DPR) तयार गरी पूर्वाधार निर्माणलाई व्यविस्थत गरिनेछ ।

६८. रु.५ लाख भन्दा बढि लागतका आयोजनाहरुमा आयोजना सूचना पाटी अनिवार्य राख्नुपर्ने नीति लिइनेछ ।

६९. चालु आ.व. देखी उपभोक्ता समितिवाट सञ्चालन हुने योजनाहरुवाट १ प्रतिशत रकम कटौती गरी एक मर्मत संभार कोषको व्यवस्थालाई आगामी आ.व.मा पनि निरन्तरता दिइनेछ ।

७०. सबै ग्रामीण सडकहरुको दिगो रुपमा व्यवस्थापन गर्ने नीति लिइनेछ। गाउँपालिका भएर जाने बेनी-जोमसोम-कोरला सडक तथा मोटरेवल पुलहरु समयमानै सम्पन्न गराउनको लागि सम्बन्धित निर्माण व्यवसायी तथा सम्बन्धित सरोकारवाला निकायहरु सँग आवश्यक समन्वय गरी निर्माण कार्यलाई गतिशीलता प्रदान गरिनेछ।

७१. संघीय सरकारको सहयोगमा मार्फा छैरो जोड्ने बेली बृज निर्माण कार्य सम्पन्न गरिनेछ ।

७२. गाउँपालिकाको मुख्य पेशाको रुपमा रहेको कृषि पेशालाई समुन्नत बनाउन सिँचाईलाई प्राथमिकतामा राखिने छ। स्याउ तथा अन्य वालीहरुका लागि सिँचाई अनिवार्य सर्त हो। त्यसैले गाउँपालिका क्षेत्रभित्र सिँचाई पूर्वाधार विकासमा विशेष जोड दिइनेछ। सबै परम्परागत कुलोहरुको मर्मतमा विशेष ध्यान दिइनेछ। सबै खेतीयोग्य जमिनमा सिँचाई सुविधा पुर्याउने स्थानीय सरकारको नीति रहनेछ।

७३. गाउँपालिकाका परम्परागत घरहरुलाई संरक्षण गर्दै नयाँ घरहरुका लागि अनुमति दिने स्थानीय सरकारको नीति रहनेछ। नयाँ घरहरु निर्माण गर्दा भवन निर्माण सम्बन्धी नेपाल सरकारको मापदण्ड तथा यस गाउँपालिकाको नक्सापास सम्बन्धि मापदण्ड, २०७५ को अवलम्बन गर्ने नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ। गाउँपालिका भित्र रहेका

पुराना घरहरुका लागि घर नम्वर प्रदान गरी अभिलेखिकरण गर्ने कार्यलाई निरन्तरता दिई आगामी आ.व. देखी नयाँ बनाउने घरधनीहरुले अनिवार्य रुपमा नक्सा पास गर्नु पर्ने व्यवस्थालाई अझ कडाइका साथ लागू गरिनेछ।

७४. गाउँपालिका क्षेत्रभित्र निरन्तर चलिरहने हावाका कारण अव्यवस्थित रुपमा रहेका विजुलीका तारवाट आउने सक्ने जोखिमपूर्ण अवस्थालाई मध्यनजर गर्दै विजुलीका तारहरुलाई व्यवस्थित गर्ने कार्यलाई आवश्यक पहल गरिनेछ ।

७५. उर्जा प्रभावकारी भवन निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्षका लागि **वातावरण तथा विपद् व्यवस्थापनका** क्षेत्रमा गाउँपालिका क्षेत्रभित्र अंगिकार गर्ने नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु।

**वातावरण तथा विपद् व्यवस्थापन**

७६. गाउँपालिका क्षेत्रमा पाइने जैविक विविधताको संरक्षणमा विशेष जोड दिइनेछ। नाङ्गा भू-भागलाई वृक्षारोपण गर्ने तथा कालीगण्डकीको कटान न्यूनीकरणका लागि संघीय तथा प्रदेश सरकारको सहयोगमा कार्यक्रम अगाडि बढाइनेछ।

७७. जलवायु परिवर्तनबाट श्रृजित समस्याहरुको न्यूनीकरणका लागि जनचेतना अभिवृद्धिका कार्यक्रमहरु तय गरी लागू गरिनेछ ।

७८. जल उत्पन्न प्रकोप नियन्त्रण कार्यका लागि विपद् व्यवस्थापन कोष तथा आकस्मिक कोषको व्यवस्था गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

७९. गाउँपालिका क्षेत्रभित्र विपदबाट हुने जनधनको क्षति न्यूनीकरण गरी विपद व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउन स्थानीय विपद जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना र विपद पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी लागू गरिनेछ।

८०. विपद व्यवस्थापन अन्तर्गत पूर्व तयारी एवम् विपदको वेला तथ्याङ्क संकलन गर्ने, अधावधिक गर्ने र सम्भावित विपद, प्रकोप, सङ्कटासन्न समुदाय र उद्धार सामग्रीको उपलब्धता जस्ता विषयमा आवश्यक जानकारी संकलन गरी विपद व्यवस्थापनको कार्यलाई पूर्ण रुपले प्रभावकारी वनाउन आगामी आ.व. भित्र स्थानीय आपतकालीन कार्यसंचालन केन्द्रलाई थप प्रभावकारी बनाइनेछ ।

८१. जिल्ला विपद् व्यवस्थापन समितिसँगको सहकार्यमा आवश्यक निर्णय लिई विपद् सम्भावित क्षेत्रहरुमा आउनसक्ने विपद्लाई न्यूनिकरण गरिनेछ । यस्ता क्षेत्रहरुलाई व्यवस्थित गरि गाउँपालिकाको आन्तरिक आय बृद्धिमा जोडिनेछ ।

८२. **"स्वच्छ सफा सुन्दर घरपझोङ"**को अवधारणा सहित स्थानीय नागरिकहरुको सहकार्यमा सरसफाई अभियान सञ्चालन गरिनेछ ।

८३. फोहरमैला व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखी कुहिने र नकुहिने फोहरको छुट्टाछट्टै व्यवस्थापन गरिनेछ । यसको लागि आवश्यकता अनुसार अन्य कार्यालय तथा संघ/संस्थाहरुसंग समेत सहकार्य गरिनेछ । बोतल, बोरा व्यवस्थापन तथा फोहरमैला प्याकेटिङ कार्यक्रम सञ्चालन गरिनेछ र गाउँटोल सफा राख्ने स्थानीय समुहलाई पुरस्कृत गरिनेछ ।

८४. सम्भावित विपद्लाई मध्यनजर गरी आवश्यक पर्ने ग्याविन बक्स तथा तारजाली खरिद गरी तयारी अवस्थामा राखिनेछ ।

**सभा सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्षका लागि **संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनका क्षेत्रमा** गाउँपालिकाले अंगिकार गर्ने नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

**संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन**

८५. जनप्रतिनिधीहरुलाई समय सापेक्ष सीप विकास तथा सूचना प्रविधिको प्रयोग सम्बन्धमा प्रशिक्षित हुने उपयुक्त कार्यक्रमहरुको व्यवस्था गरिनेछ।विभिन्न सरकारी कामकाज सम्बन्धी विद्यमान नीतिगत तथा कार्यसम्पादन सम्बन्धी प्रशिक्षण कार्यक्रमहरुको कार्यान्वयन गरिनेछ।

८६. गाउँपालिका क्षेत्रभित्रका सडक बत्तीहरुको सञ्चालन एवम् व्यवस्थापन कार्यलाई थप विस्तार र प्रभावकारी बनाई **"उज्यालो घरपझोङ"** को नीति लिइनेछ ।

८७. गाउँपालिका र वडास्तरीय सीमाको विवाद अन्त्य तथा आफ्नो सिमा प्रारम्भ र सीमा अन्त्य हुने ठाउँमा प्रवेशद्वार निर्माणका लागि आवश्यक पहल गरिनेछ।

८८. स्थानीय पर्यटन प्रवर्द्धनको लागि विभिन्न सञ्चार माध्यम, संकेत चिन्ह, स्टिकर, ब्रोसर, पाटी लगायतको प्रयोग गरिनेछ ।

८९. नागरिकको लागि सेवा प्रवाह गर्ने कर्मचारी संयन्त्रको क्षमता अभिवृद्धि गरी कार्यसम्पादनलाई चुस्त दुरुस्त बनाइनेछ ।जनप्रतिनिधि र कर्मचारीहरुको समयानुकुल

क्षमता तथा दक्षता अभिवृद्धि गर्न तालिम, अन्तरपालिका स्तरीय असल अभ्यास तथा अनुभव आदानप्रदान र बिदा पर्यटनलाई प्रोत्साहन गरिनेछ।

९०. कर्मचारीहरुको उत्प्रेरणा अभिवृद्धि गराउने, मनोबल उच्च पार्ने र त्यसको माध्यमबाट सेवाप्रवाहमा प्रभावकारिता ल्याउनका लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली अवलम्बन गरिनेछ। अतिरिक्त समयमा कार्यालयमा काम गरे बापत कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता लागू गर्ने सम्बन्धी कार्यविधिलाई थप वैज्ञानिक बनाईनेछ।

९१. सबै वडा कार्यालयहरुमा आवश्यक फर्निचर तथा विद्यूतीय सामाग्रीहरुको अपुग नहुने गरी प्रवन्ध गरिनेछ। अधिकांश वडा कार्यालयहरुको आफ्नै भवन बनिसकेको अवस्थामा सबै वडाहरुमा नागरिक वडापत्र बमोजिम सेवा प्रवाह गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ।

९२. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा विद्यालयहरुलाई थप सूचना प्रविधियुक्त बनाई सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।

९३. सबै वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुलाई गाउँ कार्यपालिकाको कार्यालयसँग विद्युतीय सूचना प्रविधिबाट जोडिएकोछ। आवश्यकता अनुसार गाउँ कार्यपालिकाको कार्यालयबाट सोझै वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुलाई समन्वय गर्न सकिने व्यवस्था मिलाईनेछ।

९४. गाउँपालिकाद्वारा विनियोजन गरिएको बजेटको अधिकतम् उपयोग हुने प्रवन्ध गरिनेछ। आयोजना तथा कार्यक्रम कार्यान्वयनमा मितव्ययिता कायम गरिनेछ। सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, आयोजना स्थलमा होडिङ बोर्ड राख्ने जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग अनिवार्य गरी सुशासन प्रवर्द्धन गरिनेछ।

९५. सुशासन सम्बन्धित नीतिहरुको कार्यान्वयनका लागि आवश्यकता अनुसार कानून बनाई लागू गरिनेछ। यसका लागि संघ र प्रदेश सरकारसँग आवश्यकता अनुसार समन्वय र सहकार्य गरिनेछ। मुस्ताङ जिल्लाका गाउँपालिकाहरु बिच अन्तरपालिका बैठकको आयोजना गरी एक आपसमा अनुभव एवम् असल अभ्यास आदानप्रदान गरिनेछ।

९६. गाउँपालिका क्षेत्रभित्र दुईवटा बसपार्क सञ्चालनमा आइसकेकोले पार्किङ व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।

९७. आन्तरिक आयको दायरा विस्तार गर्न व्यवसायिक भवन निर्माण, पर्यटकीय स्थलहरुको व्यवस्थापन लगायतका कार्यहरुमा विशेष पहल गरिनेछ । गाउँपालिका मातहतका खाली भवनहरुलाई भाडामा लगाई आन्तरिक आय वृद्धि गरिनेछ ।

९८. चालु खर्चलाई मितव्ययी बनाउँदै पूँजीगत खर्च वृद्धिमा थप जोड दिइनेछ । राजश्व संकलन तथा भुक्तानी प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

९९. न्यायिक समितिको कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ । प्रत्येक वडा कार्यालयमा मेलमिलाप केन्द्र व्यवस्थापन र सञ्चालन गरिनेछ ।

१००. विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरुलाई प्रभावकारी रुपमा मनाई जनचेतना विस्तार गरिनेछ ।

१०१. नागरिकका मौलिक हकहरुको संरक्षण तथा कालाबजारी नियन्त्रण गर्न बजार अनुगमनलाई थप तिव्रता दिई प्रभावकारी बनाइनेछ ।

१०२. नगर प्रहरीको परिचालन गरी बसपार्क व्यवस्थापन, ट्रफिक व्यवस्थापन, फोहरमैला व्यवस्थापन जस्ता कार्यहरुलाई थप प्रभावकारी बनाइनेछ ।

१०३. स्थानीयस्तरमा अव्यवस्थित वसोवास व्यवस्थापनको लागि नेपाल सरकारबाट सुकुम्बासी तथा अव्यवस्थित बसोबास सम्बन्धी कार्य अघि बढाइनेछ ।साथै गाउँपालिका क्षेत्रभित्रका जग्गा वर्गीकरणको कार्य सम्पन्न गरिनेछ।

१०४. आगामी आर्थिक वर्षमा आर्थिक कारोवारहरुलाई थप डिजिटल र प्रविधीमैत्री बनाउनको लागि सबै वडा कार्यालयहरुमा सुत्र सफ्टवयर (SUTRA Software) मार्फत राजस्व संकलन गरिनेछ।साथै आन्तरिक श्रोत बृद्धि गर्नको लागि राजस्वका नयाँ श्रोतहरु पहिचान गरिनेछ।

१०५. विगतका आर्थिक बर्षहरुबाटै बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण भैरहेको अवस्थामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको लागि थप सहज तरिकाले भत्ता वितरण गर्नको लागि बैंक संग सहकार्य गरी गाउँबाटै वितरण गर्ने व्यवस्था गरिनेछ।

१०६. आन्तरिक राजश्व परिचालनमा सुधार ल्याउनको लागि राजस्व सुधारका क्रियाकलापहरु पहिचान गरी राजस्वका सम्भाव्य क्षेत्रहरुको खोजी गर्ने एवम् राजस्व परिचालनका लागि अबलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गर्ने गरी कार्यान्वयनमा ल्याइनेछ।

१०७. धेरै चहलपहल हुने बजार क्षेत्रका गतिविधिलाई निगरानी गर्ने उद्देश्यले जडान गरिएको सिसिटिभी (CCTV) हरुको प्रभावकारी उपयोगमा जोड दिइनेछ।साथै आवश्यक स्थानहरुमा सिसिटिभी जडान कार्यलाई निरन्तरता दिइनेछ ।

१०८. गाउँपालिकाको नाममा महालेखा परिक्षकको कार्यालयले औल्याएका विविध शिर्षकका बेरुजू नियमानुसार फछ्र्यौट गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाई बेरुजु न्यूनिकरणमा थप पहल गरिनेछ ।

**सभाका सदस्यज्यूहरु**

जनभावनाको कदर गर्दै गाउँपालिकाको विकास र सेवा प्रवाहमा अहोरात्र खटिने जिम्मेवारी र संकल्पका साथ हामी जननिर्वाचित प्रतिनिधीहरु चालु आर्थिक बर्षको अन्त्य र नयाँ आर्थिक बर्षको प्रवेश विन्दुमा छौं । गाउँपालिकाको सर्वाङ्गीण विकासको गहन जिम्मेवारी पूरा गर्न हामी सबैको महत्वपूर्ण भूमिका रहन्छ । प्रभावकारी विकास, सेवा प्रवाह र नियमनको लागि सबैको सार्थक सकारात्मक र सृजनशील भूमिका अपरिहार्य छ । आगामी आर्थिक बर्ष २०८१।८२ का लागि तर्जुमा गरिएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनबाट गाउँपालिकाको सर्वाङ्गीण विकासमा महत्वपूर्ण योगदान पुग्नुको साथै घरपझोङवासी नागरिकहरुको सुख र समृद्धिको उत्कट ईच्छा र चाहनामा टेवा पुग्ने अपेक्षा लिएको छु । यस नीति तथा कार्यक्रम तयार पार्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सल्लाह तथा सुझाव प्रदान गर्नुहुने उपाध्यक्षज्यू, विषयगत समितिका संयोजक एवं सदस्यज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभा सदस्यज्यूहरु, राजनैतिक दलहरु, नागरिक समाज, बुद्धिजिवी, सञ्चार माध्यम, विकास साझेदार संघसंस्थाहरु, राष्ट्रसेवक शिक्षक तथा कर्मचारीहरु लगायत सम्पूर्ण घरपझोङवासी नागरिकहरुमा हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछु । यस नीति तथा कर्यक्रमको कार्यान्वयनमा समेत यहाँहरु सम्पूर्णको साथ र सहयोग रहनेछ र **"घरपझोङको समृद्धि : कृषि पर्यटन र संस्कृति"** को लक्ष्य हासिल गर्न थप टेवा पुग्नेछ भन्ने विश्वास लिएको छु ।

**धन्यवाद ।**

जय नेपाल । जय घरपझोङ ।

**मोहन सिंह लालचन**

अध्यक्ष, घरपझोङ गाउँपालिका, मुस्ताङ ।